# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone : 4258174
4266034
4255707
AG Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं नेपाल
Babar Mahal, Kathmandu, Nepal


## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ श्रावण २७ गते, शुक्रबार ।

माननीय महालेखा परीक्षकबाट त्रिभूवन विश्वविद्यालयका उपकुलपति प्रोफेसर डा. श्री तीर्थराज खनियाँ र शिक्षाध्यक्ष श्री सुधा त्रिपाठी एवम् नेपाल खानेपानी संस्थानका अध्यक्ष श्री परमेश्वर पोखरेल र कायम मुकायम महाप्रवन्धक श्री भुपेन्द्र प्रसाद बीच लेखापरीक्षणका विषयमा छुट्टाछुट्टै छलफल कार्यक्रम सम्पन्न भयो ।

उक्त छलफलमा माननीय महालेखा परीक्षकज्यूले त्रिभूवन विश्वविद्यालयको केन्द्रिय कार्यालय, परिक्षा नियन्त्रण कार्यालय, त्रि.वि. शिक्षण अस्पताल लगायत त्रि.वि. का आंगिक क्याम्पसहरुमा धेरै समय देखि लेखापरीक्षण नहुनु प्रचलित कानुन विपरित रहेको उल्लेख गर्नुभयो । उहाँबाट सो विश्वविद्यालयमा हुने आर्थिक कारोवारको अभिलेखनलाई लेखापालनका मान्य सिद्धान्त, विद्यमान ऐन, कानून बमोजिम चुस्तदुरुस्त राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण समयमा नगराएको विषयमा गम्भीर ध्यानाकर्षण भएको बताउनुभयो । विगतको लेखापरीक्षण गराउन बाँकी रहेका श्रेस्ता लेखापरीक्षण गराउने कार्ययोजना तीन दिन भित्र प्रस्तुत गरी यथाशिघ्र लेखापरीक्षणको तयारी गर्न निर्देशन दिनुभयो । यस अवसरमा त्रिभूवन विश्वविद्यालयका उपकुलपतिबाट विश्वविद्यालयको लेखापरीक्षण समयमा गराउन कार्ययोजना बनाई समयभित्रै लेखापरीक्षण सम्पन्न गर्ने प्रतिवद्धता ब्यक्त गर्नुभयो ।

यसै गरी महालेखा परीक्षकज्यूले नेपाल खानेपानी संस्थानमा आर्थिक वर्ष २०६९/७० देखिको लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति गरी पठाएकोमा हाल सम्म वित्तीय विवरण पेश नगरेको र लेखापरीक्षण सम्पन्न नगराएको विषय गम्भीर भएकोले यसतर्फ ध्यानाकर्षण गराउदै तत्काल सुधार गर्न निर्देशन दिनुभयो । सो अवसरमा संस्थानका अध्यक्ष तथा कायम मुकायम महाप्रवन्धकबाट आवश्यक कार्य योजना बनाई निर्धारित समयमा लेखापरीक्षण गराउने प्रतिवद्धता जनाउनु भयो ।

अशोक कुमार कार्की
निर्देशक/सहायक-प्रवक्ता